# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८३।०२।२९ गते।

## प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी ब्रहमदेव यादवसमेत रहेको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जिल्ला धनुषा, औरही गाउँपालिकाका तत्कालीन अध्यक्ष ब्रहमदेव यादव समेतका प्रतिवादीहरू उपर आ.ब.२०७७/०७८ को स्वीकृत एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम बमोजिम अस्पताल भवन निर्माण कार्यको खरिद प्रक्रियामा वदनियत राखी शर्तहरु थप गरी गराई सार्वजनिक सम्पत्तिको हानिनोक्सानी हुने गरी कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.६,७९,१२,३८३।९८ (छ करोड उनासी लाख बाह्र हजार तीन सय त्रियासी रुपैयाँ अन्ठानब्बे पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी हिनामिना हानीनोक्सानी एवं दुरूपयोग गरेको बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन एवं तत्कालीन अध्यक्ष ब्रहमदेव यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजायसमेत हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८२।१०।२५ को फैसलाबाट सफाई दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मिति २०८३।०२।२९ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने